**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २५ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय गृहमन्त्री अमित शाहले आज पाकिस्तानसँग १९६० को सिन्धु जल सन्धिमा उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो।
- पहलगाम आतङ्की हमलापछि केन्द्र सरकार र खुफिया एजेन्सीहरू पूर्ण रूपमा सतर्क भएका छन्। यही क्रममा कोलकातामा लङ टर्म भीसामा बसिरहेका 30 पाकिस्तानी नागरिकहरूको गतिविधिहरूमाथि विशेष नजर राखिँदैछ।
- पश्चिम बंगाल स्कुल भर्ती घोटालामा राज्य सरकारको बिद्यालयहरुमा नियुक्त भएका केहि उम्मीदवारहरुले  ड्यूटी जॉइन नगरिनै वर्षों सम्म वेतन प्राप्त गरेको कुरा प्रकाशमा अयेएको छ|
- दार्जिलिङ हिमालयन रेलवेको इञ्जिन सिलगढीबाट दार्जिलिङतर्फ गइरहेको बेला सुकना र रंगटङ्गबीचमा ब्रेक फेल भएर पल्टेको छ।
- पूर्व सैनिक संगठनद्वारा कश्मिरको पहलगाममा भएको आतंकी हमलाको बिरोधमा एउटा रैली को आयोजना गरेको छ।

अमित शाह - सिन्धु नदी

केन्द्रीय गृहमन्त्री अमित शाहले आज पाकिस्तानसँग 1960 को सिन्धु जल सन्धिमा उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठक नयाँ दिल्लीस्थित गृहमन्त्रीको निवासमा भएको थियो। पहलगाम आतंकवादी हमलापछि भारतले सिन्धु जल सन्धिलाई स्थगित गरेको छ। बैठकमा विदेशमन्त्री डा. एस. जयशंकर, केन्द्रीय जलशक्ति मन्त्री सी.आर. पाटिल र वरिष्ठ सरकारी अधिकारीहरू उपस्थित थिए।

****** ० *****

**पाकिस्तानी नागरिकहरूमाथि नजर**

पहलगाम आतङ्की हमलापछि केन्द्र सरकार र खुफिया एजेन्सीहरू पूर्ण रूपमा सतर्क भएका छन्। यही क्रममा कोलकातामा लङ टर्म भीसामा बसिरहेका 30 पाकिस्तानी नागरिकहरूको गतिविधिहरूमाथि विशेष नजर राखिँदैछ। यसमध्ये अधिकांश महिला छन्, जसले कोलकाताको स्थानीय निवासीहरूसित बिहे गरिसकेका छन्। खुफिया विभागको सूत्रहरू अनुसार, वर्तमानमा 30 पाकिस्तानी नागरिक कोलकातामा एलटीवी अन्तर्गत बसिरहेका छन्। यो भीसा ती पाकिस्तानी नागरिकहरूलाई दिँइछ, जो भारतमा बिहेपछि यहाँ बस्छन्। शुरूआतमा पाँच वर्षको भीसा दिइँछ, जसपछि त्यसलाई एक वा दुई वर्षको अवधिमा नवीनीकृत गराउनुपर्ने हुन्छ। हरेकपल्ट भीसा नवीनीकरण अगाड़ी गोप्य जाँच अनिवार्य हुन्छ। पहलगाम आतङ्की हमलापछि खुफिया एजेन्सीहरूले कोलकाताका यी पाकिस्तानी नागरिकहरूको रोजमर्राको गतिविधिहरू र सम्पर्कहरूमाथि तीखो नजर राख्नु शुरू गरेको छ। खासगरी यो पत्तो लगाइँदैछ कि यिनीहरू कसको सम्पर्कमा छन् र के यिनीहरूको भारतीय नागरिकहरूसित सम्बन्ध केवल पारिवारिक हो या यसमा अरू कुनै उद्देश्य लुकेको छ।

****** ० ******

**WBSSC**

पश्चिम बंगालमा शिक्षक अनि गैर-शिक्षक पदहरुमा भएको कथित भ्रष्टाचारपूर्ण भर्तीलाई लिएर अझ एउटा ठुलो खुलासा भएको छ। राज्य सरकारको बिद्यालयहरुमा नियुक्त भएका केहि उम्मीदवारहरुले ड्यूटी जॉइन नगरिनै वर्षों सम्म वेतन प्राप्त गरेको कुरा अघि आएको छ। शिक्षा विभागको रिकॉर्ड अनुसार, ती उम्मीदवारहरुलाई 'ग़ैर-जॉइनिंग' को श्रेणीमा राखिएको थियो। अर्थात् उनीहरुलाई नियुक्ति त दिईएको थियो , तर उनीहरुले सेवा ग्रहण गरेनन्। तर पनि उनीहरुले वर्षों सम्म वेतन प्राप्त गरे — जसको कारण विभाग माथि गंभीर प्रश्न उत्पन्न भएको छ। राज्य शिक्षा विभागका सुत्रहरु अनुसार कतिपै उम्मीदवारहरुले वास्तवमा कार्यभार ग्रहण गरेता पनि उनीहरुको रिकॉर्ड समयमा अपडेट नगरीए हुन् सक्छ। एक अधिकारीले बताए अनुसार "WBSSC अनि शिक्षा विभागले यस मामलाको जांच गरिरहेको छ।" तथापि यी उम्मीदवारहरुको वास्तविक संख्या अझ सम्म सार्वजनिक गरिएको छैन , तर विभाग भित्र यसलाई लिएर धैरै चिंता अनि असंतोष छाएको छ। राज्यको विपक्षी पार्टिहरुले यो तथ्य अघि आए पछि राज्य सरकारलाई निशाना बनाईरहेको छ

****** ० ******

## एसएससी-प्रदर्शन

पश्चिम बंगाल स्कूल सेवा आयोग (एसएससी)- द्वारा जारी गरिएको योग्य उम्मेद्वारहरूको सूचीलाई लिएर बितेका पाँच दिनदेखिको एसएससी भवन बाहिर डटेका प्रदर्शनकारी शिक्षकहरूले अन्ततः आज आफ्नो घेराउ आन्दोलनलाई फिर्ता लिएका छन्। अब यी शिक्षकहरूले दुई दिनसम्म कोलकाताको शहीद मीनार नजिक प्रतीकात्मक धरना दिनेछन्। यदि यस अवधि दस्तावेज सत्यापन सहित अन्य रहल प्रक्रियाहरू पूरा नभए 'विकास भवन अभियान' शुरु गर्ने प्रदर्शनकारीहरूले चेताउनी दिएका छन्। तथापि सूत्रहरु अनुसार स्थिति सामान्य रहे प्रदर्शनकारी शिक्षकहरू आगामी सोमवारदेखि आफ्नो ड्यूटीमा स्कूल फर्किन सक्नेछन्। स्मरण रहोस् , गत सोमवार SSC कार्यालय बाहिर शिक्षकहरूले अनिश्चितकालीन धरना शुरू गरेका थिए। त्यसै दिन आयोगका अध्यक्ष सिद्धार्थ मजुमदार साथै 16 जना अधिकारीहरू भवनभित्र फसेका थिए। योग्य अनि अयोग्य उम्मेद्वारहरूको सूची सार्वजनिक गरियोस् भन्ने प्रदर्शनकारीहरूको माग थियो।

## रेलको इन्जिन पल्टियो

दार्जिलिङ हिमालयन रेलवेको इञ्जिन सिलगढीबाट दार्जिलिङतर्फ गइरहेको बेला सुकना र रंगटङ्गबीचमा ब्रेक फेल भएर पल्टेको छ। उक्त घटना आज बिहान लगभग 11 बजीतिर घटेको जानकारी प्राप्त भएको छ। उक्त रेलको इञ्जिन सिलगढीबाट सुकनादेखि लगभग दुई तीन किलोमीटर माथि अनि तीनधारेमुनि रंगटङ्गदेखि तीन चार किलोमिटर मुनि पल्टेको बताइएको छ। उक्त इञ्जिनमा रेलको चालक र सह चालक थिए। सिलगढीबाट सुकना नाघेर अगाडि बढ्ने क्रममा ब्रेक फेल भएर ओह्रालो बग्न थालेपछि चालकहरुले हतार हतार ओर्लेर काठको गुट्का लगाएर रोक्न खोजे पनि रोक्न नसकेको र लिकदेखि तलतिर पल्टेको जानकारी उपस्थितहरुले दिएका छन्। घटनापछि सुकनाबाट पुलिस अधिकारीहरु र रेलवे अधिकारीहरु, रेलवे कर्मचारीहरु र रेलवे पुलिस घटनास्थलमा पुगेका थिए। यस घटनामा चालकद्वय सुरक्षित रहेको बताइएको छ। रेलको इञ्जिन रेलवे लिकदेखि तलतिर झरे पनि लिक खाली रहेकाले रेलको आवत जावत यथावत रहेको छ।

## पहलगाम हमलाको विरोध

पूर्व सैनिक संगठन रिम्बिकले कश्मिरको पहलगाममा भएको आतंकी हमलाको घोर बिरोध जनाएको छ। घटनामा २७ पर्यटकहरूले ज्यान गुमाएका थिए। आज संगठनले आतंकवादी हमलामा मृत्यु हुनेहरुलाई स्मरण गर्दै मौन धारण गरेपछि एक विरोध रैलीको आयोजना गरयो, जुन रैलीले रिम्बिक बजार परिक्रमा गरेपछि एसएसबी क्याम्प अघि एक सभा पनि गरेको थियो। संगठनका सदस्यहरु साथै स्थानीयहरूले प्ला कार्ड बोकेर सैनिक कार्यालयदेखि रिम्बिक बजार, गुम्बा, जौलेगाउँ, रिम्बिक पुलिस चेक पोस्ट हुँदै पुन: रिम्बिक बजारसम्म आतंकवादी बिरुद्ध जवाबी कार्यवाहीको माग गर्दै रैली गरे। संगठनसित आवद्ध पुर्व सैनिकहरुमा आक्रोश देखिएको थियो भने रैलीमा पाकिस्तान बिरुद्ध गगनचुम्बी नारा लगाइएको थियो।

****** ० ******

## ट्राफिक सचेतना कार्यक्रम

खरसाङको पुष्परानी उच्चत्तर माध्यमिक विद्यालयमा विद्यार्थीहरूलाई लिएर ट्राफिक सुरक्षा र सेफ लाइभ सेभ ड्राइभ विषयमा सचेतना कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा पुष्परानी उच्चत्तर माध्यमिक विद्यालयकी प्रधान अध्यापिका ललिता भण्डारी साथै शिक्षक शिक्षिकाहरु र विद्यार्थीहरु सहभागी बने। सचेतना कार्यक्रममा खरसाङ ट्राफिक पुलिस गार्डको प्रभारी बीरेन्द्र छेत्री, सुदिप रोय र स्वेता मण्डल उपस्थित रहेका थिए। विद्यालयका विद्यार्थीहरुलाई लिएर आयोजित ट्राफिक सचेतना कार्यक्रममा खरसाङ ट्राफिक पुलिसको तर्फबाट विद्यार्थीहरुलाई ट्राफिक नियम र ट्राफिक सिग्नल विषयमा भिडियोमार्फत् जानकारी गराइयो। यसका साथै ट्राफिक सिंग्नल विषयमा विद्यार्थीहरुमाझ क्विजको पनि आयोजना गरियो। यस सचेतना कार्यक्रममा खरसाङ ट्राफिक पुलिसको प्रभारी बीरेन्द्र छेत्रीले विद्यार्थीहरुलाई सेभ ड्राइभ सेफ लाइभ विषयमा सचेतना गराउँदै ट्राफिक सिंगल विषयमा जानकारी गराए। विद्यार्थीहरुले स्कुटी बाइक चलाउन सक्छन्, तर विद्यार्थीहरुको लाइसेन्स अनिवार्य रुपमा हुनुपर्छ र हेलमेट अनिवार्य रुपमा लगाउनु पर्छ भनी उहाँले बताउनु भएको छ। उहाँले बाइक र स्कूटीहरु धैरे स्पिड कुदाउनु नहुने, ट्राफिक सिंग्नल पालन गर्नु पर्ने जानकारी पनि गराउनु नभएको छ।

**कविता वाचन प्रतियोगिता**

सोनादामा अन्तर विद्यालय कविता प्रतियोगिता सम्पन्न भएको छ। बाल कल्याण समूह अप्पर पचेङको आयोजनामा सोनादा क्षेत्रका विद्यालयहरुलाई लिएर उक्त अन्तर विद्यालय कविता वाचन प्रतियोगिता सम्पन्न गरिएको हो। सोनादाको नाली चउर अन्तर्गत नन्द गाउँस्थित सार्वजनिक भवनमा सम्पन्न यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा साहित्यकार सूर्य श्रेष्ठ अनि विशिष्ट अतिथिको रुपमा सोनादा पुलिस आउट पोष्टको प्रभारी योगेस ठकुरी उपस्थित रहेका थिए। युवा साहित्यकार एवं शिक्षक नरेश कटुवालले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण बाल कल्याण समूहको सचिव सुवास राईले राख्नु भएको थियो। उक्त कविता वाचन प्रतियोगिताको निर्णायकको रुपमा भीमबहादुर गुरुङ, मेघनाथ छेत्री, अमर शर्मा उपस्थित रहेका थिए भने संयोजकको रुपमा रामराज राई उपस्थित रहेका थिए। यस कविता वाचन प्रतियोगितामा सिनियरवर्गमा शान्तिरानी उच्चत्तर माध्यमिक विद्यालय प्रथम, ग्रिनहिल अंग्रेजी स्कूल दोस्रो र सोनादा उच्चत्तर माध्यमिक विद्यालय तेस्रो बनेका छन्। त्यसरी नै जुनियर वर्गमा नयाँ कमान माध्यमिक शिक्षा केन्द्र प्रथम, सोनादा उच्चत्तर माध्यमिक विद्यालय दोस्रो र सन्त पिटर सेकेण्डेरी स्कूल तेस्रो भएका छन्। कार्यक्रममा बाल कल्याण समूहको तर्फबाट समाजमा विभिन्न ओहोदामा रहेका र समाजको उन्नतिमा विशिष्ट योगदान दिने जम्मा 8 जना विभिन्न व्यक्तिहरुलाई सम्मान पनि गरियो। यस अवसरमा बाल कल्याण समूहको सभापति अरुण राई र सचिव सुवास राईको बाहुलीबाट सम्मान जनाइयो।

****** ० ******

**चोरी तथा हराएका मोबाइलहरु**

एनजेपी थानाको पुलिसले चोरी तथा हराएका 51 वटा मोबाइल फोनहरूलाई जफ्त गरी त्यसका असली मालिकहरूलाई सुम्पिदिएको छ।हालैमा एनजेपी थाना क्षेत्रका विभिन्न भागहरूबाट मोबाइल फोन चोरी तथा हराएको सिकायत थानामा दर्ता गरिएको थियो। सोही सिकायतको आधारमा पुलिसले जाँच शुरू गरेर 51 वटा मोबाइलहरू जफ्त गर्‍यो। आज एसीपी सोमनाथ दासको उपस्थितिमा मोबाइलहरू असली मालिकहरूलाई सुम्पिइयो। अर्कोतिर हराएको मोबाइल पुनः प्राप्त गर्न पाउँदा हर्ष व्यक्त गर्दै मालिकहरूले पुलिसको प्रशंसा गरेका छन्।

****** ० ******

**गोरखा-भूकंप**

नेपालको गोरखा जल्लामा आएको विनाशकारी भुइचालोको 10 ओ स्मृति दिवस नेपालभरिमै पालन गरियो । यस अवसरमा बिभिन्न  कार्यक्रम आयोजित गरियो । 25 अप्रैल 2015 मा , नेपालमा सात दशमलव छह तीव्रताको भुइचालो आएको थियो जसको केंद्र गोरखा जिल्लाको  बारपाकमा रहेको थियो । इस आपदामा कुल 9 हजार 79 मानिसहरु मारिएका थिए अनि 22 हजार 309 जना घाइते भएका थिए भने आठ लाख भन्दा अधिक घरहरु अनि लगभग 1 हजार 500 सांस्कृतिक धरोहरहरुलाई  छति पुगेको थियो ।    भूकंप स्मारक दिवस पालन गर्नुको उद्देश्य मानिसहरुलाई भूकंप सुरक्षाको बारेमा जागरूक गर्नु अनि द्रिड भूकंप-रोधी बुनियादी ढांचाको विकासलाई प्रोत्साहन दिनु हो । प्रधानमंत्री के.पी. शर्मा ओलीले स्मृति दिवसमा

आज काठमांडूको सुंधरा स्थित धरहरा परिसरमा एक विशेष स्मारक कार्यक्रमको उद्घाटन गर्नुभयो । राष्ट्रपति रामचंद्र पौडेलले सुरक्षा उपायहरु साथै भुइचालोको खतरा कम्ति गर्न प्रभावी साधनहरु बारे जन जागरूकता बढ़ाउने बिषयमाथि जोर दिनुभयो ।